वीरेन्द्रनगर नगर कार्यपालिका सुर्खेतको मिति २०८३/०२/१३ गते बसेको ८४औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१
वीरेन्द्रनगर नगरपालिकाको नगर गानका लागि रचनाकारसँग मिति २०८३ आषाढ मसान्तसम्म रचना माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने ।

निर्णय नं. २
यस नगरपालिकाको राजस्व परामर्श समितिबाट पेस भए वमोजिमको राजस्व सुधार कार्ययोजना, २०८३/०८४-२०८५/०८६ लाई स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
नेपाल सरकार भूमिव्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस नगरपालिकाको संगठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्य, कार्यप्रकृति, कार्यवोझ र औचित्यताको आधारमा बस्तुपरक बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षणका गर्नका लागि पूर्व स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ४
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत र वीरेन्द्रनगर नगरपालिका, सुर्खेतबिच छात्रवृत्ति अक्षयकोष सम्वन्धी सम्झौता, २०८३ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
यस कार्यालयको योजना तथा वातावरण शाखाबाट पेस भए बमोजिम वीरेन्द्रनगर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षंण समितिको कार्यसञ्चालन कार्यविधि, २०८३ स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ सुर्खेत स्थित भेरी बहिरा संघको च.नं. ५१ मिति २०८३/०१/०९ गतेको पत्रबाट दोभाषे व्यवस्थापनका लागि अनुरोध भई आएको सम्वन्धमा नेपाल सरकारको श्रम ऐन, २०७४ ले तोकेको न्यूनतम पारिश्रमिक (रु. १९,५५०) भुक्तानी हुने र दैनिक ज्यालदारीमा कामकाज गर्ने गरी भेरी बहिरा संघको समन्वयमा एकजना दोभाषे ब्यवस्थापन गर्ने साथै उक्त दोभाषेलाई आवश्यकता अनुसार नगरपालिका र भेरी बहिरा संघमा कामकाजमा लगाउने ।

निर्णय नं. ७
वीरेन्द्रनगर नगरपालिका सुर्खेतको लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा रहेको सुरक्षित आवास गृह सञ्चालन गर्न मिति २०८३/०१/०४ गते बसेको बोलपत्र मूल्याङ्कन समितिको बैठकबाट आवाज संस्था, सुर्खेत सिफारिस भई आएकोले पाँच वर्षका लागि उक्त सुरक्षित आवास गृह सञ्चालन गर्न यस कार्यालय र आवाज संस्था, सुर्खेत विच सम्झौता गर्ने ।

लक्ष्मी प्रसाद वास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं. ८

वीरेन्द्रनगर नगरपालिकाको उद्योग नियमान शाखाबाट पेस भए वमोजिमको नगर बस सञ्चालन कार्यविधि, २०८३ स्वीकृति गर्ने ।

निर्णय नं. ९

वीरेन्द्रनगर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले पेस गरे वमोजिमको वीरेन्द्रनगर नगरपालिकाको स्थानीय युवा परिषद् गठन सम्बन्धी विधेयक, २०८३ स्वीकृतिका लागि आगामी नगरसभामा पेस गर्ने ।

निर्णय नं. १० विविध

क) कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस नगरपालिकामा दिनानुदिन सवारी चाप वढ्दै गएको परिप्रेक्ष्यमा हालको वसपार्क साँघुरो भएकाले यो वसपार्कलाई सिटी वसपार्कका रुपमा सञ्चालन गर्ने गरी वैकल्पिक बसपार्कको खोजी यस नगरपालिकावाट हुँदै आएकोमा वसपार्क बनाउन उपत्यकाभित्र रहेका निजी तथा ऐलानी जग्गामा बसपार्क बनाउन सकिने विकल्पहरु नभएको अवस्थामा स्थानीयवासी तथा सामुदायिक वन उपभोक्ता समितिको सहमति अनुसार वीरेन्द्रनगर नगरपालिका वडा नं १ स्थित कृष्ण सामुदायिक वन क्षेत्रभित्र पर्ने जलकुने डाँडामा प्रदेश स्तरीय कर्णाली बसपार्क बनाउन स्थान छनौट गर्ने निर्णय नगरपालिकाले गरेको छ । प्रस्तावित क्षेत्र कर्णाली राजमार्ग सँग जोडिएको, नगरपालिका प्रवेशको पश्चिम भागमा रहेको छ, जसले कर्णाली राजमार्गवाट आउने सवारी यातयातलाई सहज हुने र स्थानीय रोजगारीका अवसर समेत हुने देखिएको र ठूला बोट विरुवा समेत नभएको हुँदा वसपार्कका लागि उपयुक्त स्थान देखिएको सन्दर्भमा कर्णाली प्रदेश वसपार्कको डिपिआर कर्णाली प्रदेश सरकारवाट भै सोको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) समेत यस नगरपालिकाले स्वीकृत गरेको सन्दर्भमा वसपार्कका लागि प्रस्तावित वन क्षेत्रको जग्गा यस नगरपालिकाले प्राप्त गर्न सङ्घीय वन ऐन तथा नियमावली बमोजिम गर्नु पर्ने देहाएका प्रतिवद्धता गर्दे वन क्षेत्रको जग्गा वसपार्क निर्माणका लागि उपलब्ध गराईदिन यस नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

I. नगरपालिकाको प्राथमिकता प्राप्त योजना : यस नगरपालिकाले यो आयोजनालाई नगर महत्वको योजनाका रुपमा राखी आफ्नो आवधिक योजनामा समेत पहिलो प्राथमितामा समावेश गरी आगामी आ व २०८३।८४ देखि निर्माणको प्रारम्भ गर्न तयारी रहेको छ ।

II. बजेटको सुनिश्चितता: उक्त स्थानमा बसपार्क निर्माण गर्न यस नगरपालिका अनुरोध अनुसार कर्णाली प्रदेश सरकारवाट चालू आ व ०८२।८३ मा वजेट समेत विनियोजन भएको छ । त्यस्तै यस नगरपालिकाबाट समेत प्रारम्भिक कार्यका लागि वजेट समेत विनियोजन गरेको छ भने आगामी आ. व. ०८३।८४ बाट समेत डिपिआर बमोजिमको बजेट ब्यवस्था गर्न यो नगरपालिका प्रतिवद्ध रहेको छ ।

III. सर्तहरुको पालना : वन क्षेत्रको जग्गा नगरपालिकाले प्रयोग गरेवापत वन क्षेत्र नघटाउन तथा वातावरण संरक्षणमा नगरपालिकाले गर्नु पर्ने योगदान र कानून बमोजिमका सर्तहरुको पालना गर्न नगरपालिका प्रतिवद्ध रहेको छ ।

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत


मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

ख) पशुपन्छी विकास शाखाबाट पेस भए बमोजिम वीरेन्द्रनगर नगरपालिकामा मासु पसल तथा बधस्थल सञ्चालन सम्वन्धी मापदण्ड, २०८३ स्वीकृति गर्ने निर्णय गरियो ।

ग) वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ स्थित सिटी बसपार्कबाट बाहिरीने र बसपार्क भित्र प्रवेश गर्ने ठूला साना सवारी साधनको कर संकलन गर्नका लागि हालसम्म प्रयोग गर्दै आईरहेको नगदी रसिद काट्ने प्रणालीको सट्टा बिलिङ्ग मेशिन प्रयोग गर्न १८औं नगरसभाबाट विनियोजित कम्प्युटर तथा प्रिन्टर खरिद शीर्षकबाट रु. ५,००,०००। (पाँचलाख) विनियोजन गर्ने ।

घ) पालिकास्तरीय लैङ्गिक समानता सामाजिक समावेशीकरण समितिको बैठकको निर्णयानुसार वीरेन्द्रनगर नगरपालिकाबाट लैङ्गिक समानता अपाङ्गता सामाजिक समावेशीकरण सम्वन्धी भए गरेका क्रियाकलाप तथा कार्यालयबाट प्रवाह भएका सेवाहरुको एकिकृत सूचना व्यवस्थापनका लागि बजेट माग भई आएकोले उक्त कार्यक्रम व्यवस्थापनका लागि दुई लाख रकम व्यवस्थापन गर्ने ।

ङ) नगर विकास ऐन, २०४५ को दफा १२ (ग) बमोजिम वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ वर्राकुना स्थित वर्राकुना जग्गा एकीकरण आयोजना तपसिलमा संलग्न अवधारणा योजना अनुसार कार्यान्वयन गर्न दफा १२ (ग) (२) अनुसार सुर्खेत उपत्यका नगर विकास समितिलाई सङ्घीय पूर्वाधार विकास मन्त्रालयबाट उक्त आयोजनाको भौतिक विकास योजना/जग्गा एकीकरण योजना स्वीकृतिका लागि सिफारिस गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।




लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

च) वीरेन्द्रनगर नगरपालिका वडा नं.- १६ मेहेलीमोडघिमिरे टोल खानेपानी आयोजना पूर्वाधार निर्माणको लागि दुईलाख रूपैया स्रोत सुनिश्चित गर्ने ।

छ) सशस्त्र प्रहरी बल रक्तकाली गण बाङ्गेसिमलाई खानेपानी आपूर्ति तथा पूर्वाधार निर्माणमा सहयोग गर्ने ।

ज) राष्ट्र निर्माण मञ्च नेपालको मिति २०८३/०१/२३ गतेको पत्रबाट वीरेन्द्रनगर नगरपालिकाको सिटी हलमा सम्पन्न भएको कर्णाली युथ फेस्टिवल कार्यक्रमलाई आर्थिक सहयोगका लागि अनुरोध भएकोमा रु पचहत्तर हजार सहयोग गर्ने ।

झ) वीरेन्द्रनगर नगरपालिकाको १८औं नगरसभाबाट रकमान्तर भएको बुँदा नं. ५२ मा जिल्ला बचत तथा ऋण सहकारी संघको भवन मर्मतसम्भार शीर्षक उल्लेख भएकोमा उक्त शीर्षक परिवर्तन गरी जिल्ला सहकारी संघ भवन मर्मतसम्भार शीर्षक कायम गर्ने ।

ञ) वीरेन्द्रनगर नगरपालिकाको आ.व. २०८२/०८३ को बजेट पुस्तिकाको पेज नं. ६७ सि.नं. ३१ मा भएको महिला कलाकार र पत्रकारहरुको क्षमता विकास कार्यक्रम नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेश मार्फत सञ्चालन गर्ने ।

ट) घण्टाघर पार्कको वाल निर्माण कार्य (ठेक्का नं. NCB/B/८०-०७९ Works/२८) सम्पन्न गर्न यस कार्यालय र नमस्ते निर्माण सेवा बीच सम्झौता भई कार्य सम्पन्न पश्चात भुक्तानीका क्रममा सुरक्षण बापत धरौटी रकम कट्टा गरिएकोमा उक्त आयोजनामा देखिएको त्रुटि सच्याउन आवश्यक भएकोले यस कार्यालयबाट मिति २०८१/०३/११, २०८१/०८/०६ र २०८१/१२/१२ मा विभिन्न मितिमा पत्राचार मार्फत सम्बन्धित निर्माण व्यवसायीलाई त्रुटि सच्याउन जानकारी गराइएको तर, पटक—पटक जानकारी गराउँदा समेत सम्बन्धित निर्माण व्यवसायीबाट त्रुटि सच्याउने कार्य नगरेकोले प्रचलित कानून बमोजिम नमस्ते निर्माण सेवाको नाममा रहेको धरौटी रकम रु. २,१५,४५१/- (अक्षरेपी दुई लाख पन्ध्र हजार चार सय एकाउन्न रुपैयाँ मात्र) जफत/सदरस्याहा गरी राजस्व खातामा जम्मा गर्ने निर्णय गरियो।

ठ) यस नगरपालिकाको आगामी आ व २०८३।८४ का लागि आयोजना तथा कार्यक्रम छनोट गर्न आयोजना छनोट तथा प्राथमिकताका आधार तथा मापदण्ड देहाए बमोजिम तय गरी आयोजना छनोट तथा प्राथमिकतामा राखी पेस गर्न सबै विषयगत समिति, शाखाहरु र वडा समितिलाई निर्देशन दिने ।

| आयोजना छनोट तथा प्राथमिकताका आधारहरु | | | |
|---|---|---|---|
| क्र.स. | सूचक (मूल्याङ्कनका बुँदाहरू) | अधिकतम अंकभार (पूर्णांक) | अंक भार प्रदान विधि |
| १ | स्थानीय सरकारको आन्तरिक आयमा वृद्धि , स्थानीय आर्थिक विकास र स्थानीय रोजगारमा योगदान पुऱ्याउने | १५ | प्रत्येक क्षेत्रमा योगदानका आधारमा ५ का दरले अङ्क दिने । |
| २ | दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने | १० | प्रत्यक्ष १० सहयोगी ७ अप्रत्यक्ष ५ |

लक्ष्मी प्रसाद बोस्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३ | सहभागिताको अवस्था | १० | कम्तीमा ५० प्रतिशत लागत सहभागिता हुने १० कम्तीमा २५ प्रतिशत लागत सहभागीता ७ कम्तीमा १० प्रतिशत भन्दा वढी ५ |
| ४ | दुई वडावासीलाई सहयोग पुग्ने | १० | दुई वडालाई सहयोग पुग्ने १० दुई भन्दा वढी टोललाई सहयोग पुग्ने ५ |
| ५ | आयोजनाको सम्भाव्यता अध्ययन , डिपिआर, IEE | १५ | सबै भएको भएमा १५ अन्यथा एक काम बराबर ५ अङ्क दिने । |
| ६ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा योगदान | १५ | पहिलो १० दोश्रो ७ तेश्रो ५ |
| ७ | जग्गा प्राप्ति लगायत, आयोजना कार्यान्वयनका लागि आधारभूत कुरा पूरा भएको । | १० | सबै प्रकृया पुरा भए १० प्रकृया ५ |
| ८ | सामाजिक समावेशिकर्णमा योगदान | १० | लक्षित वर्गको सहभागिता, समावेशिकरण सशक्तिकरण, लैगिक समानता, लाभको वितरण, मा समन्यायिकताका आधारमा प्रत्येक विषयमा अधिक्तम २.5 सम्म प्रदान गर्ने । |
| ९ | जलवायू परिवर्तन वातावरण संरक्षण विपद व्यवस्थापनमा टेवा पुर्याउने । | ५ | कुनै एक विषयमा टेवा पुर्याउने भएमा ५ अक दीने । |
| | माथिका सबै सूचकहरूको योगफल | १०० | |

ड) ज्योति फाउण्डेशन सुर्खेतको च.नं. १७४ मिति २०८३/०१/१४ गतेको पत्रानुसार कर्णाली छोरी सम्मेलन, २०८३ सञ्चालनका लागि आर्थिक सहयोग माग भई आएकोले उक्त कार्यक्रम सञ्चालनका लागि एकलाख पचास हजार आर्थिक सहयोग गर्ने ।

ढ) वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ सुर्खेत निवासी केम्पो खुकुरी फेडेरेशन कर्णाली प्रदेशका कोच यमन पाण्डेले टर्कीमा सम्पन्न हुने २२औ अन्तर्राष्ट्रिय केम्पो च्याम्पियनसिपमा छनोटमा परेकोले उक्त कार्यक्रममा जानका लागि पचास हजार रुपैया आर्थिक सहयोग गर्ने ।

ण) वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ गाग्रेताल स्थित श्री लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समितिले उक्त मन्दिरमा सत्संग भवन तथा यज्ञ मण्डप निर्माणका लागि आवश्यक सहयोग माग गरेकोले उक्त मन्दिरका लागि बिस हजार आर्थिक सहयोग गर्ने ।

त) वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ स्थित श्री नेपाल राष्ट्रिय मा.वि. खजुराले शुद्ध पिउने पानीका लागि विद्युतीय फिल्टर जडानका लागि आवश्यक सहयोग गरिदिनु हुन भनी च.नं. १७५ मिति २०८३/०१/३१ को पत्र मार्फत लेखी पठाएकोले सो कार्यका लागि कार्यालयबाट खरिद गरी सामग्री उपलब्ध गराउने ।

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

थ) श्री सरस्वती प्राथमिक विद्यालय, वीरेन्द्रनगर-१६, लेहडा, सुर्खेतको च.नं. २ मिति २०८३/०२/०७ गतेको पत्र मार्फत विद्यालयको पूर्वाधार सुधारका लागि विभिन्न शीर्षकमा रकम उपलब्ध गराईदिनु हुन भनी लेखी आएकोले उक्त विद्यालयलाई एकलाख रकम उपलब्ध गराउने ।

द) नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, वीरेन्द्रनगर नगरपालिका वडा नं. १ धारापानीका लागि सात लाख रुपैया पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापनका लागि स्रोत सुनिश्चि गर्ने ।

ध) वीरेन्द्रनगर नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. २५०६ मिति २०८३/०१/३१ गतेको पत्रानुसार सोही वडा को सरस्वती प्रा.वि. पूर्वको प्रतिक मार्ग दिपेन्द्र ढुङ्गानाको घर दक्षिण सडक स्तरोन्नतीका लागि अपुग रकम रु. ३,००,८५५। (तीनलाख आठसय पचपन्न) माग भई आएकोले सो रकम व्यवस्थापन गर्ने ।

न) वीरेन्द्रनगर नगरपालिकाको ५०औं स्थापना दिवस २०८३ का अवसरमा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्ने उद्देश्यले कर्णाली प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ९९ को उपनियम (१) वमोजिम ऐनको दफा १२४ को उपदफा (२) वमोजिम स्थानीय तहको सेवा प्रवाहमा विशेष योगदान दिने ३ जना कर्मचारीलाई उपनियम (२) वमोजिमको सिफारिस समितिको सिफारिसमा पुरस्कृत गर्न सकिने व्यवस्था अनुसार सोही ऐन र नियमावली वमोजिम कर्मचारीलाई पुरस्कृत गरिएको कार्यक्रम र यसै नगरपालिकामा कार्यरत कर्मचारीको मनोवल उच्च राख्ने उद्देश्यले ७ जना उत्कृष्ट नगर कर्मचारी सेवा पुरस्कार कार्यक्रम, उत्कृष्ट महिला स्वास्थ्य स्वयम् सेविका सम्मान, पत्रकारिता विधामा गरिएको सम्मान तथा ५०औं नगर स्थापना दिवसको अवसर पारेर विभिन्न मैत्रीपूर्ण खेलकुद प्रतियोगिता सञ्चालन गरी पुरस्कार समेत वितरण गरिएकोमा कार्यक्रम सञ्चालनमा भएको देहाय अनुसारको खर्च अनुमोदन गर्ने ।

I. विभिन्न विधा र खेलकुद प्रतियोगितमा प्रदान गरिएको पुरस्कार र सम्मानमा भएको खर्च रु. ३,२५,०००।
II. नगर प्रहरी मार्चपास तयारी तथा खाना खाजा वापत रु. ४१,००३।
III. साउण्ड टेण्ट वापत रु. २,२२,०००।
IV. खेलकुद सामग्री (फूटवल र व्याडमिन्टन) खर्च रु. ४२,३४२।
V. खाजा नास्ता वापत रु. १,२६,२६०।
VI. फूटवल खेलको पोसाक वापत रु. ४०,०००।
VII. साँस्कृतिक कार्यक्रम रु. ७५,०००।
VIII. व्यानर र पुरस्कारका लागि फ्रेम वापत रु. ७०,०००।

न) वीरेन्द्रनगर नगरपालिकाका विभिन्न वडा कार्यालयबाट योजना शीर्षक संशोधन तथा बजेट संशोधनका लागि लेखी आएकोले देहाय अनुसार संशोधन गर्ने ।

| क.सं. | शाखा/वडा नं. | स्वीकृत योजनाको नाम | बजेट रकम रु. | संशोधन गर्नुपर्ने योजनाको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|---|
| १ | | कला संस्कृति संरक्षण सम्वर्धन | १,२०,०००। मध्ये | कृषि प्रवर्द्धन कार्यक्रम | ८०,०००। |

लक्ष्मी प्रसाद वास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | १ | अध्ययन अवलोकन भ्रमण | ३,८०,०००। मध्ये | कृषि प्रवर्द्धन कार्यक्रम | २,३०,०००। |
| | | | | विपद् कोष | १,५०,०००। |
| | | भूमि सम्वन्धी समस्या समाधान आयोगको काम | ३,००,०००। | वडाका जोखिमयुक्त खोलामा तटबन्ध तथा क्रसिङ्ग सडकको नाला माथि ह्युमपाईपे तथा स्ल्याब विस्तार | ३,००,०००। |
| २ | ६ | खानेपानी पहुँचका लागि डिपवोरिङ्ग तथा पाइपलाईन व्यवस्थापनका लागि सहकार्य | २०,००,००० | सद्भाव टोल विकास संस्था अन्तर्गत डिपवोरिङ्ग निर्माण | १५,००,०००। |
| | | | | बी.न.पा. ६ स्थित बिभिन्न बाटाहरुको स्तरोन्ती | ५,००,०००। |
| | | अध्ययन अवलोकन भ्रमण कार्यक्रम | २,००,०००। | बी.न.पा. ६ स्थित विभिन्न बाटाहरुको स्तरोन्ती | २,००,०००। |
| ३ | १० | साझेदारी चुलो वितरण | १,५०,०००। | दिपनगर बालविकास केन्द्र जोड्ने बाटो स्तरोन्नती | २,५०,०००। |
| | | कला संस्कृति जगेर्ना मेला महोत्सव | १,००,०००। | | |
| | | कार्यालय व्यवस्थापन | १,५०,०००। | कृषि कार्यक्रम अनुदान उपकरण | १,५०,०००। |
| | | विविध खर्च अनुगमन तथा भैपरी | २,००,०००। मध्ये १,००,०००। | घुस्रा गेरुनी खोला पिपलपानी अर्पण स्थल निर्माण | १००,०००। |
| ४ | ११ | सिलाईकटाई वेसिक तथा एडभान्स तालिम | ३,००,०००। | वडा कार्यालय आसपासका सडकहरुमा ग्राबेल | ४,००,०००। |
| | | दलित समुदायको क्षमता विकास तालिम | १,००,०००। | | |
| ५ | १२ | मर्साङ्गी चोक उत्तर तर्फ आँपखोली खोला तटबन्ध तथा करिडोर निर्माण | २,००,०००। | नौलो टोलमा अधुरो डिपवोरिङ्ग निर्माणका लागि खानेपानी व्यवस्थापनका लागि पाईप खरिद | २,००,०००। |
| | | अनुगमन मूल्याङ्कन खर्च,भ्रमण खर्च,अतिथि सत्कार तथा विविध खर्च, विविध खर्च, | २,००,०००। | नौलो टोलमा डिपवोरिङ्ग | २,००,०००। |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

प) १६ नं. वडा कार्यालयको च.नं. ५७४ मिति २०८३/०१/२३ गतेको पत्रानुसार एक योजनामा अर्को योजनाको बजेट विनियोजन भई बजेट फरक पर्न गएकोले तपसिल अनुसार संशोधन गरिदिनुहुन भनी लेखी आएकोले सोही अनुसार संशोधन गर्ने ।

| क्र.सं. | स्वीकृत योजनाको नाम | विनियोजित रकम | संशोधन हुन पर्ने रकम |
|---|---|---|---|
| १ | श्री सूर्य आ.वि. गर्पन | ८,००,०००। | १८,००,०००। |
| २ | श्री विश्वकाली आ.वि. सानिलेख | १८,००,०००। | ८,००,०००। |

प) प्रस्तुत विषयमा अगामी आ. व. २०८३।०८४ मा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत वडागत रुपमा आएका देहाय बमोजिमका आयोजनाहरुलाई संशोधन माग नगरिने प्रतिबद्धता सहित कार्यालयबाट छनोट तथा सिफारिस गरिएको योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.स. | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजना स्थल | प्रस्तावित रकम | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मसेरी पार्क विश्राम स्थल निर्माण | १ | मसेरी | १५,००,०००। | पर्यटन पूर्वाधार निर्माण | |
| २ | नमुनाटोलको भारती खोलामा तटबन्ध निर्माण | २ | नमूना टोल | १५,००,०००। | तटबन्ध निर्माण | |
| ३ | खनाल बाजेको घर देखि पश्चिम जाने सडक स्तरोन्नति | ३ | खनाल बाजेको घरनेर | १५,००,०००। | पर्यटन पुर्वाधार | |
| ४ | मित्रनगरटोलमा भूसंरक्षणका लागि रिटेलिंग वाल निर्माण | ४ | मित्रनगर टोल | १५,००,०००। | भूसंरक्षण | |
| ५ | सरस्वतीटोल खोर्केखोला चेक कल्बर्ट तथा गैरीगाउँ अधुरोवाल निर्माण | ५ | सरस्वति टोल | १५,००,०००। | तटबन्धन निर्माण | |
| ६ | रातोपुल देखि उत्तर गणेशचोक सम्मको खारखोली क्षेत्रमा तटबन्ध निर्माण | ६ | रातोपुल | १५,००,०००। | तटबन्ध निर्माण | |
| ७ | नौलोसुधार टोलको इत्राम खोलाको पक्की पुल उत्तर तर्फ रिटर्निंग वाल तथा तटबन्ध निर्माण | ७ | नौलो सुधार टोल | १५,००,०००। | तटबन्ध निर्माण | |
| ८ | ८ न. वडाका पार्क तथा फुटपाथमा पदमार्ग निर्माण तथा जिर्ण नाला मर्मत | ८ | खजुरा | १५,००,०००। | पर्यटन पुर्वाधार निर्माण | |
| ९ | पर्यटकीय स्थल सत्तेकाँडा भूसंरक्षण योजना | ९ | सत्तेकाँडा | १५,००,०००। | भूसंरक्षण | |
| १० | चन्द्रनगर ईत्रामखोला दक्षिण शान्तिनगर टोल जोड्ने इत्राम खोलामा तटबन्ध निर्माण | १० | शान्ति नगर टोल | १५,००,०००। | तटबन्ध निर्माण | |
| ११ | काठकुवा खानेपानी व्यवस्थापन योजना | ११ | काठकुवा | १५,००,०००। | खानेपानी | |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | मर्सांगी चोक उत्तर तर्फ आँपखोली खोला तटबन्धन निर्माण | १२ | मर्सांगी चोक | १५,००,०००। | तटबन्धन निर्माण | |
| १३ | रास्कोट टोल सिंचाई कुलो/नाला निर्माण योजना | १३ | रास्कोट टोल | १५,००,०००। | सिंचाई | |
| १४ | बयलकाँडा देखि मैकल सम्मको पदमार्ग निर्माण | १४ | बयलकाँडा | १५,००,०००। | पदमार्ग निर्माण | |
| १५ | पारेगाँउ खानेपानी भालुखोला क योजना | १५ | पारेगाँउ | १५,००,०००। | खानेपानी | |
| १६ | मेहेली छात्रवास घोकेनी रतु जोड्ने पुल सम्म भूसंरक्षण योजना | १६ | मेहेली | १५,००,०००। | भूसंरक्षण | |

फ) यस नगरपालिकाको आ.व. २०८२/०८३ को जनजाती तर्फको बजेट विनियोजन भएकोमा मागका आधारमा सामाजिक विकास समितिको सिफारिसमा देहाय अनुसारका संस्थाहरु मार्फत कार्यक्रम सञ्चालन गर्ने ।

देहाय

| क.सं. | कार्यक्रमको नाम | प्रस्तावित संस्थाको नाम | ठेगाना | वजेट शिर्षक | प्रस्तावित रकम |
|---|---|---|---|---|---|
| १ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | नेपाल आदिवासी जनजाति महासंघ न.स.स. | वीरेन्द्रनगर | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | १.५०,०००। |
| २ | जनजातिको कला तथा संस्कृती सम्वन्धी दस्तावेजीकरण | नेपाल आदिवासी जनजाति महासंघ जि.स.प. | सुर्खेत | जनजातिको कला डकुमेन्ट्री वनाउने | ३,५०,०००। |
| जम्मा | | | | | ५,००,०००। |

ब) वीरेन्द्रनगर नगरपालिकाको आयोजनामा मिति २०८३/०१/२८ गतेदेखि ३० गतेसम्म सञ्चालन भएको १७औं जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा खटिएका खेलकुदका विभिन्न विधाका रेफ्रीहरुको पारिश्रमिक दर देहाय वमोजिम तोक्ने र सो वापतको रकम अपुग भएकोले नगर शिक्षा प्रवर्द्धन कार्यक्रम र युवा तथा खेलकुद प्रवर्द्धन कार्यक्रम अन्तर्गतका तपसिलका शीर्षकबाट रकमान्तर गरी तपसिल अनुसार खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | बजेट पुस्तिका | क्रियाकलापको नाम | रकम |
|---|---|---|---|
| १ | ६८७ | खेलाडी सम्मान कार्यक्रम | ५०,०००। |
| २ | ६८९ | जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्दा भैपरी खर्च | १,००,०००। |
| ३ | ६९१ | नगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्दा भैपरी खर्च | १,००,०००। |
| ४ | ६९२ | युवा प्रतिभा सम्मान कार्यक्रम | ५०,०००। |
| ५ | ६९५ | नगर खेलकुद प्रवर्द्धन | ७०,०००। |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | ७०१ | स्थानीय स्काउटको सञ्चालन बैठक तथा खाजा खर्च | १,००,०००। |
| जम्मा | | | ४,७०,०००। |

नगर शिक्षा प्रबर्द्धन तर्फ

| क्र.सं. | बजेट पुस्तिका | क्रियाकलापको नाम | रकम |
|---|---|---|---|
| १ | ३२५ | स्वयं सेवक पारिश्रमिक | २,१७,०००। |
| २ | ३८१ | विद्यालयलाई विपद् व्यवस्थापनका लागि द्रुत सहयोग अनुदान | २,१३,०००। |

अन्य पालिकाबाट टिम दर्ता शुल्क वापत प्राप्त रकम रु. १,५०,०००।

कुल जम्मा रकम रु. १०,५०,०००।

| क्र.सं. | खेल शीर्षक | रेफ्री संख्या | कार्य दिन | तोकिएको दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | भलिवल | २० | ४ | २,०००। | १,६०,०००। |
| २ | कबड्डी | २० | ४ | २,०००। | १,६०,०००। |
| ३ | एथ्लेटिक्स | २५ | ४ | २,०००। | २,००,०००। |
| ४ | कराँते | २० | ४ | २,०००। | १,६०,०००। |
| ५ | उस्सु | २० | ४ | २,०००। | १,६०,०००। |
| ६ | तेक्वान्दो | २० | ४ | २,०००। | १,६०,०००। |
| ७ | यातायात | | | | ५०,०००। |
| कुल जम्मा | | | | | १०,५०,०००। |

भ) वीरेन्द्रनगर नगरपालिकाको कार्यालयबाट गत आ. व. २०८१/०८२ र चालु आ. व. २०८२/०८३ मा बोलपत्रका माध्यमबाट खरिद प्रक्रिया भई सम्झौता भएका योजना विभिन्न कारणले तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेको भनी सम्बन्धित निर्माण व्यवसायीले म्याद थपका लागि यस कार्यालयमा निवेदन दर्ता गरेकाले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) को नियम १२० बमोजिम निम्नानुसारका आयोजनाहरुको तपसिल अनुसार म्याद थप गर्ने ।

| क्र. सं. | योजनाको विवरण | सम्झौता बमोजिम/म्याद थप गरिएको अवधि | हाल थप गर्नुपर्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वीरेन्द्रनगर नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने काम वडा नं ८ | २०८३।०१।२० | २०८३।०३।१५ | |
| २ | १५ शैया अस्पताल भवन निर्माण वडा नं ९ | २०८३।०३।१ | २०८३।०३।१५ | |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ३ | Construction of Steel Structure Pedestrian Flyover at Mangalgadhi Chowk Contract No: ncb/bm/w/8182/77 | २०८३।०२।३१ | २०८३।०३।१५ | |
| ४ | C4W-Construction of Balbikash Kendra Park, Birendranagar 6, Surkhet. Contract No: NCB/BM/W/2081/082/76 | २०८३।०१।३० | २०८३।०३।१५ | |
| ५ | हाईमास्ट लाईट जडान कार्य (NCB/BM/2082/083/01) | २०८३।०१।३० | २०८१।०२।३० | |
| ६ | बसपार्क पश्चिम बसपार्क विस्तार ठेक्का नं. NCB/BM/ W/2081/82/74, Birendranagar 6, Surkhet | २०८३।०१।३० | २०८३।०३।१५ | |
| ७ | ध्रुव देवकोटाको घर देखि रामलाल आचार्यको घर हुंदै नेवारे खोला सम्मको सडक, नैनसिं वि.क.को घर जाने सडक, धपालीघाट जाने अधुरो नाला निर्माण, सरस्वीती प्रा.वि. पूर्वको प्रतिक मार्ग दिपेन्द्र दुङ्गानाको घर दक्षिण सडक, सिसौबारी पूर्व सडक स्तरोन्नती (NCB/BM/Works/2082/083/08) | २०८३।०१।३० | २०८३।०३।१५ | |
| ८ | वडा नं १२ को सुन्दर पदमपुर टोल अन्तर्गत गणेश पुनको घर देखी पश्चिम अम्मर थापाको घर र उत्तर तर्फ गीता लामिछानेको घर सम्मको सडक,सिसौघारी दक्षिण हुँदै वटाला चोकसम्म सडक स्तरोन्नती(NCB/BM/Work/2082/83/09) | २०८३।०१।३० | २०८३।०३।१५ | |
| ९ | औद्योगिक टोलको पश्चिम तर्फ भित्रि सडक, गौरिटोल चोकदेखि दक्षिण जाने सडक, नेवारे पिपलचौतारी देखि उत्तरपूर्वका भित्री सडक, सहकारी चोक पूर्व हुंदै वीनपा १३ गुमीपुर जोड्ने सडक कालोपत्रे तथा स्तरोन्नती(NCB/BM/W/2082/083/10) | २०८३।०१।३० | २०८३।०३।१५ | |
| १० | नेपाली सुन्नी मस्जिद गुल्सेन मदिना अध्ययन केन्द्र अधुरो भवन निर्माण- वी.न.पा.१० | २०८२।११।२८ | २०८३।०३।१५ | |
| ११ | अर्चना बाबा धाम पूर्वाधार निर्माण- वी.न.पा.१० | २०८३।०१।१० | २०८३।०३।१५ | |

लक्ष्मी प्रसाद ढोस्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख